आज मिति २०८३/०४/२५ गते सोमबारका दिन जिल्ला विपद् व्यवस्थापन समिति डोटीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे नेपालज्यूको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक देहाय बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थितिः**

| सि.नं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री कल्पना घिमिरे नेपाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, डोटी | |
| २. | श्री सागर बोहरा | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, डोटी | |
| ३. | श्री शिव प्रसाद गैह्रे | स.प्र.उ. | स.प्र. बल नेपाल नं. ३६ गण हे.क्वा. | |
| ४. | श्री विकास चौधरी | सेनानी | नेपाली सेना, भैरव प्रसाद गण, डोटी | |
| ५. | श्री ललित नारायण चौधरी | प्र.अ.अ. | रा.अ. जिल्ला कार्यालय, डोटी | |
| ६. | श्री प्रेम शंकर भट्ट | अध्यक्ष | शैलेश्वरी क्षेत्र विकास समिति | |
| ७. | श्री नरेश मलासी | वडाध्यक्ष | दि.सि.न.पा. वडा नं. ६, डोटी | |
| ८. | श्री प्रकाश बम | अध्यक्ष | नेपाल पत्रकार महासंघ, डोटी | |
| ९. | श्री महेन्द्र श्रेष्ठ | समाजसेवी | दिपायल सिलगढी नगरपालिका, डोटी | |
| १०. | श्री गोविन्द श्रेष्ठ | समाजसेवी | दिपायल सिलगढी नगरपालिका, डोटी | |
| ११. | श्री लाल बहादुर बोगटी | कारागार प्रशासक | कारागार कार्यालय, डोटी | |
| १२. | गोकुल रिजाल | स.डि.व.अ. | डिभिजन वन कार्यालय, डोटी | |
| १३. | शंकर सुचिकार | नि.प्रमुख | दि.सि.न.पा. डोटी | |
| १५. | हरि सुन्दर श्रेष्ठ | वडासचिव | दि.सि.न.पा. ६ डोटी | |
| १६. | महेन्द्र बहादुर के.सी. | वडा अध्यक्ष | दि.सि.न.पा. ८ डोटी | |
| १७. | चेत राज जोशी | का.प्र. | प्रदेश लेखा इकाई कार्यालय | |
| १८. | शैलेन्द्र खड्का | | | |
| १९. | प्रेम रावल | कार्यालय प्रमुख | शैलेश्वरी पालिका पा. | |
| ३०. | रामभक्त सुनार | अध्यक्ष | दिल्लेश्वर स्पोर्ट्स क्लब | |
| २१. | मकर ब. खड्का | प्र.दे.व. | आदर्श गा.पा. डोटी | |
| २२. | नवराज जोशी | सब-इन्जिनियर | बोगटान फुड्सिल गा.पा. | |
| २३. | रमेश भट्ट | डि.प्र. | सामुदायिक डिभिजन, डोटी | |

| सि.नं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| २४ | हर्क बं. साउद | जनहितको प्रमुख | डि. सि. नं. पा. | |
| २५ | सरिता दयाली | प्रमुख | दलित महिला संघ | |
| २६ | दिनेश बम | कार्यक्रम प्रबन्धक | सि. डे. सि. डोटी | |
| २७ | लक्ष्मी देउवा बम | कोषाध्यक्ष | जे. प्र. स. डोटी शाखा | |
| २८ | भावना खड्का | अध्यक्ष | दि सि न पा | भावना |
| २९ | ज्ञानेन्द्र बं. थापा | प्र. स. नि. | जिल्ला ट्राफिक प्रहरी कार्यालय | |
| ३०. | अनुपम भट्टराई | सि. डि. ई. | सघन शहरी तथा भवन निर्माण आयोजना, राजपुर | |
| ३१. | करुणाकर पन्त | जि. नि. अ | जि. निर्वाचन कार्यालय डोटी | |
| ३२. | केशव पौडेल | अध्यक्ष | EPC-Nepal | |
| ३३ | सत्य नारायण सिंह | का. प्र. | नेपाल विद्युत प्राधिकरण | |
| ३४. | ललित कठायत | का. प्र. | खाद्य प्र. ग. नि. डि. को. डोटी | |
| ३५ | दुर्गा प्र. जोशी | के. का. प्र. | कृ. ज्ञा. के. डोटी | |
| ३६. | सरोज निराला | इन्जिनियर | खानेपानी तथा सरसफाई, डोटी | |
| ३७. | ईश्वरी ढकाल | सि. डि. ई | UDBO, Doti | |
| ३८ | गणेश प्रसाद भट्ट | अधिकृत (लेखा) | जलस्रोत तथा सिंचाई वि. डि. डि. डोटी | |
| ३९. | चुडामणि पनेरु | नि. का. प्र. | यातायात व्यवस्था कार्यालय, डोटी | |
| ४०. | दिपक पाण्डे | निर्देशक | कृषि अनुसन्धान निर्देशनालय | |
| ४१. | डा. नबिन काफ्ले | मे. सु. | जिल्ला अस्पताल, डोटी | |
| ४२. | ई. नवराज रावल | सि. डि. ई. | पूर्वाधार विकास कार्यालय, डडेल्धुरा | Rawal |
| ४३ | मानराम | प्रमनिति | जि. प्र. का. डोटी | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**<u>बैठकमा छलफलका प्रस्तावहरुः</u>**

१. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ अद्यावधिक गरी कार्यान्वयन गर्ने सम्बन्धमा,
२. विपद्जन्य घटनामा खोज तथा उद्दारका लागि आवश्यक स्रोत साधन तयारी अवस्थामा राख्ने,
३. डेंगी नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा,
४. सूचना सम्प्रेषण संयन्त्रलाई प्रभावकारी बनाउने सम्बन्धमा,
५. विविध समसामयिक विषयहरु।

**जिल्ला विपद् व्यवस्थापन समिति, डोटीको मिति २०८३/०४/२५ गते बसेको बैठकका निर्णयहरुः-**

जिल्ला विपद् व्यवस्थापन समिति, डोटीबाट यस अघि भएका निर्णयहरूको समिक्षा गर्दै आजको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१. जिल्लाभित्र मनुसनजन्य विपद्, बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ्ग तथा अन्य प्राकृतिक एवम् गैरप्राकृतिक विपद्बाट हुनसक्ने क्षतिको न्यूनीकरण गर्न तथा त्यस्ता घटनाबाट प्रभावितहरुको समयमै उद्दार, राहत तथा पूनर्स्थापना लगायतको कार्य गर्नका लागि तयार गरिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०८३ अद्यावधिक सहित स्वीकृत गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो।

२. बुँदा नं. १ को निर्णय प्रभावकारी रुपमा कार्यान्वयन गर्न र स्थानीय तहमा सोही बमोजिम कार्ययोजना तर्जुमामा तादाम्याता कायम गर्न जिल्लास्थित सबै स्थानीय तह, विपद् सम्बद्ध सरकारी तथा गैरसरकारी संघसंस्था/कार्यालयहरुमा स्वीकृत योजना पठाउने। साथै सो को जानकारी गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र आन्तरिक कानून तथा न्याय मन्त्रालय सुदूपश्चिम प्रदेश, धनगढी, कैलालीलाई समेत गर्ने/गराउने निर्णय गरियो।

३. हाल मनसुन सक्रिय रहेको र जुनसुकै बेला भारी वर्षा हुनसक्ने तथा यसबाट बाढी, पहिलो लगायतका विपद्का घटनाहरु हुनसक्ने तर्फ उच्च सतर्कता अपनाई विपद् जोखिम न्यूनीकरणका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुले विपद्को समयमा खोज तथा उद्धार र राहत वितरण कार्यमा जिल्ला विपद् व्यवस्थापन समिति एवम् स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने।

४. जिल्लामा हुन सक्ने सम्भावित विपद्का घटना तथा जोखिमको पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य तथा खोज, उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित सबै निकायबीच आवश्यक समन्वय र सहकार्य गर्ने। त्यस्तै बाढी, पहिरो, डुबान, आगलागी, सडक दुर्घटना तथा अन्य विपद्बाट हुन सक्ने क्षति न्यूनीकरणका लागि जोखिमयुक्त स्थानको पहिचान गरी आवश्यक पूर्वतयारी तथा सतर्कता अपनाउने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

५. विपद् उत्पन्न भएको अवस्थामा तत्काल खोज, उद्धार, राहत तथा पुनःस्थापनाका कार्य सञ्चालन गर्न आवश्यक जनशक्ति, उपकरण, सवारीसाधन तथा राहत सामग्री तयारी अवस्थामा राख्ने। साथै जिल्लास्थित सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य संस्था, रेडक्रस तथा अन्य सरोकारवाला निकायहरूबीच आपत्कालीन सूचना तथा समन्वय प्रणालीलाई प्रभावकारी बनाउने।

६. विपद्का समयमा घाइते तथा बिरामीको तत्काल उपचार तथा आवश्यक परे सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्वास्थ्य संस्थाहरूलाई तयारी अवस्थामा राख्ने। साथै विपद् प्रभावित नागरिकलाई तत्काल राहत तथा आवश्यक मानवीय सहायता उपलब्ध गराउन स्थानीय तह तथा सम्बन्धित निकायहरूले आवश्यक व्यवस्था मिलाउने।

७. डेंगुबाट हुने संक्रमण नियन्त्रणका लागि स्वास्थ्य कार्यालय, डोटीले जिल्ला भित्र रहेका अटो वर्कसप/ग्यारेज, कवाडी सामान व्यवस्थापन स्थल, टायर भण्डारण स्थल, निर्माणाधीन भवन तथा लामो समयसम्म पानी जम्ने सम्भावना भएका अन्य स्थानहरुको नियमित अनुगमन गरी जमेको पानीको निकास तथा उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्ने। साथै सो को व्यवस्थापनका लागि स्वास्थ्य कार्यालयले आवश्यक औषधी, स्वास्थ्य सामाग्री, प्रयोगशाला सेवा, प्रशिक्षित जनशक्ति तथा रेफरल व्यवस्थाको उपलब्धताको सुनिश्चितता समेत गर्ने।

८. जिल्ला भित्रका सबै सरकारी तथा गैरसकारी कार्यालय, सार्वजनिक संस्थान, स्थानीय तह, स्वास्थ्य संस्था, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, यातायात व्यवसायी, शैक्षिक संस्था, होटेल व्यवसायी, सञ्चार माध्यम, नागरिक समाज, युवा क्लव, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकायहरुले कम्तीमा हप्तामा एक पटक लामखुट्टेको लार्भा **खोज र नष्ट गर(Search and Destroy)** अभियान सञ्चालन गर्ने/गराउने।

९. विपद् जोखिमसम्बन्धी जनचेतना अभिवृद्धि गर्न स्थानीय तह तथा सम्बन्धित निकायमार्फत समुदायस्तरमा सूचना, सचेतना तथा पूर्वतयारीसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

१०. जिल्लाका जोखिमयुक्त सडक, पुल, बस्ती तथा अन्य भौतिक संरचनाको नियमित अनुगमन गरी सम्भावित जोखिम न्यूनीकरणका लागि आवश्यक व्यवस्था मिलाउने।

११. विपद्का समयमा अत्यावश्यक सेवा, खाद्यान्न, खानेपानी, स्वास्थ्य, विद्युत् तथा सञ्चार सेवा निरन्तर सञ्चालन हुने व्यवस्था मिलाउने।

१२. जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय तथा निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित सबै सरकारी तथा गैरसरकारी निकायले आ-आफ्नो जिम्मेवारीअनुसार कार्य गर्ने।

प्रमुख जिल्ला अधिकारी